म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१३ सोमबार ११ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 26 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## केराको परिकार बनाउने तालिम

हेटौंडा, १० असार/मकवानपुरगढी गाउँपालिकाको वडा नम्बर ४ कार्यालयको आयोजना तथा कृषि विकास शाखाको प्राविधिक सहयोगमा केराको परिकार बनाउने तालिम दिइएको छ ।

४ नम्बर वडास्थित मनकामना मन्दिर नजिकैको तारा रेष्टुरेन्ट एण्ड होमस्टे, मनकामनामा केराको परिकार बनाउने तालिम भएको हो । केराको परिकार बनाउने तालिममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका खाद्य अनुसन्धान अधिकृत बिक्रम लिम्बुले प्रशिक्षण दिएका छन् । गाउँपालिकाको कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीले युवाहरुलाई सीप सिकाउन तालिम दिइएको बताउँछन् ।

१५ जनाको सहभागिता रहेको तालिममा केराको म:म, केराको चिप्स, केराको तितौरालगायतका परिकारहरु बनाउन सिकाइएको थियो । तालिमबाट सिकेका सीप अगामी दिनमा मनकामना मन्दिर घुम्न आउने आगन्तुकले केराको नयाँ स्वाद लिन पाउने कृषिप्रमुख चौधरीको भनाई रहेको छ ।

# मुख्य सडक २५-२५ मिटर भत्किने सूचना र विश्वासको खडेरी

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ हेटौंडा बजारको मुख्य सडक विस्तार गर्ने योजना आजभन्दा दुई दशक अघि कै हो । तर, यतिका वर्षसम्म पटक-पटक सडक विस्तारको सूचना निक्लियो सडक फराकिलो बन्न सकेको छैन ।

हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बढेको सवारी चाप र जनघनत्वले यहाँको सडक विस्तार अपरिहार्य जस्तै बनेको छ । सडक विस्तार गर्ने बलियो शक्ति कुन निकायसँग छ ? भन्दै नगरबासी नै सोधपुछ गरिरहन्छन् । संघीय सरकारदेखि प्रदेश र स्थानीय तहले बजार क्षेत्रको मुख्य सडक विस्तारमा कुनै विकल्प नभएको बताउँदै आएका छन् । हालसम्म हेटौंडाको सडक विस्तार हुन सकेको छैन । यसमा प्रमुख कारण राजनीतिक दलको भोटको राजनीति, घरजग्गा जाने त्रासमा रहेका पीडित व्यवसायीको विरोध हो ।



सडक विस्तार हुने चर्चा भइरहेको समयमा फेरि एकपटक आइतबार सूचना जारी भएको छ । हेटौंडाको मुख्य राजमार्गमा पर्ने सडक दायाँबायाँ २५-२५ मिटर विस्तार गर्न संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय हेटौंडाले आइतबार सूचना जारी गरेको हो । डिभिजन सडकलाई नै यसअघि कति पटक सूचना निकालेको पत्तो छैन । डिभिजन प्रमुख राजेश यादवले यसअघि निस्किएको सूचनाबारे थाहा नभएको र आइतबार निस्किएको सूचना अन्तिम पटकको हुने जानकारी दिए । उनको भनाईअनुसार सूचना डिभिजन सडकले चाहेरै मात्रै निस्किएको छैन । सडक विस्तारमा संघीय सरकार, प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिका एकढिक्का भएपछि सूचना जारी भएको छ ।

तर, धेरैले सडक विस्तारको सूचनालाई लिएर अविश्वास गरिरहेका छन् । विगतमा जस्तै सूचना निस्किएर सडक विस्तार हुन नसक्ने हो की ? भन्ने जिज्ञाशा धेरैले व्यक्त गरेका हुन् । तर, हेटौंडा उपमहानगरकी प्रमुख मीनाकुमारी लामा र डिभिजन प्रमुख यादवको भनाई अनुसार आइतबार जारी भएको सूचना अन्तिम हुने सम्भावना पनि छ । सडक डिभिजन हेटौंडाले सूचना जारी गर्दै राष्ट्रिय राजमार्गका अतिक्रमण गरी बनाइएका संरचना ३५ दिनभित्र हटाउन भनेको छ । जारी सूचनामा सडक सीमाभित्र परेका संरचना हटाउन भनिएको हो ।

'हेटौंडा-१४ महेन्द्र राजमार्गको रातोमाटे-बुद्धचोक, राप्तीपुलसम्मको सडक सीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँ-बायाँ कायम भएको कुरा सर्वविदितै छ । उक्त सडक सीमाभित्र घर-टहरा निर्माण गर्न नाली पुरेर प्रवेश मार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनारको नालामा मिसाउन कुनै प्रकारको स्वीकृति बिना बनेका संरचना तथा यस्तै प्रकृतिका अन्य यातायात संचालन एवम् सडक प्रयोगकर्तालाई अवरोध पुग्ने कार्य गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको छ', सूचनामा भनिएको छ । यसअघि सर्वोच्च अदालतले २५/२५ गज भत्काउन मिल्ने र त्यसभन्दा बढी भत्काउन परे क्षतिपुर्ति दिनुपर्ने भनि उत्प्रेषण आदेश दिएको थियो ।

अदालतकै आदेशलाई टेकेर सडक कार्यालयले २५/२५ गज सडक भत्काउने तयारी गरेको हो । २५ गज भन्नाले २२ दशमलब ८६ मिटर फराकिलो हुने डिभिजन प्रमुख यादव बताउँछन् । 'सम्मानित सर्वोच्च अदालतको मिति २०७८-०९-१९ को उत्प्रेषण आदेशमासमेत उक्त खण्डको सडक सीमा केन्द्रबाट २५/२५ गज (७५/७५ फिट) कायम भएको उल्लेख भएको हुँदा उक्त क्षेत्रभित्र बनेका स्थायी/अस्थायी घर-टहरा तथा अन्य संरचना भत्काउन यस अगाडि विभिन्न मितिमा सूचना जारी हुँदापनि नहटाएकाले सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडकसिमा भित्र पर्ने सम्पूर्ण संरचना हटाउन अनुरोध छ', सूचनामा भनिएको छ ।

सडक सीमा अतिक्रमण गरी बनाइएका संरचना ३५ दिनभित्र नहटाएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार सडक डिभिजन कार्यालयले नै भत्काउने र सो बापतको लाग्ने खर्च सम्बन्धित घर धनीबाटै असुलउपर गर्ने सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ । सडक डिभिजनको सूचनाले हेटौंडामा तरङ्ग ल्याएको छ । सडक विस्तारमा मकवानपुर उद्योग वाणिज्य संघले विरोध जनाउने भएको छ । आइतबार नै बसोबास संरक्षण समितिको हेटौंडामा बैठक बसेर विरोध गर्ने योजना बनाएको छ । मकवानपुर उद्योग वाणिज्य संघले नेतृत्व गरेको समितिले डिभिजन सडक कार्यालयले निकालेको सूचना व्यवसायीको हकहित विपरित भएको भन्दै यहाँका सम्पूर्ण व्यवसायीलाई भेला पारेर यसको विरोध गर्ने जनाइएको छ ।

समितिका संयोजक एवम् मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताअग्रवालले सडक विस्तारको विरोध गर्ने बताए । यसअघि हेटौंडाको मुख्य सडक ३२ मिटर मात्रै विस्तार गर्न संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मकवानपुरको टोली डेलिगेशन गएको थियो । मन्त्री प्रकाश ज्वालालाई केही सअयध अघि मकवानपुरका प्रतिनिधिसभा सांसद, प्रदेशसभा सदस्यदेखि हेटौंडा बसोबास संरक्षण समितिका पदाधिकारीले सडक दायाँबायाँ १६-१६ मिटर मात्रै विस्तार गर्न अनुरोध गरेका थिए । हेटौंडाको मुख्य सडक दायाँबायाँ २५-२५ मिटर फराकिलो बनाउन हेटौंडा उपमहानगर अघि सरेपछि पुन: ३२ मिटरको माग संघीय सरकार लाई राखिएको हो । यसअघि उपमहानगरपालिकाले सडक ५० मिटर विस्तार गर्ने भन्दै जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय बैठक बसेको थियो । बैठकले कुनै निर्णय नदिए पनि चाँडो निष्कर्श निकालेर सडक विस्तारलाई सहज बनाउने बताइएको थियो ।

२५-२५ मिटर सडक भत्काएको अवस्थामा उचित मुआब्जा दिनुपर्ने माग प्रभावित क्षेत्रका बासिन्दा आवद्ध बसोबास संरक्षण समितिले राख्दै आएको छ । लामो समयदेखि चर्चामा र हँदै सेलाउँदै गरेको पूर्वपश्चिम राजमार्ग बिस्तारका लागि पहिलो चरणको लगत संकलनमा आएका तथ्याङक संकलकको टोलीलाई काम गर्न नदिएर फर्काइएको उपमहानगरको भनाई छ । उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाध्यक्ष सबिन न्यौपानेले सडक विस्तार नगरकै भविष्यसँग जोडिएकोले सबैको सहमतिमा सडक विस्तार गर्नुको विकल्प नभएको बताए । पीडित पक्ष, राजनीतिक दल र सरकार पक्ष मिलेर निष्कर्ष निकाल्नु पर्ने धारणा उनको छ ।

# हेटौंडामा आजदेखि प्रदेश युवा सम्मेलन




साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ असार ११ गते सोमबारबाट बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश युवा सम्ममेलन सुरु हुँदैछ । २ दिनसम्म संचालन हुने प्रदेश युवा सम्मेलनको तयारी पूरा भएको छ । बागमती प्रदेश युवा परिषद् हेटौंडाको आयोजनामा असार ११ र १२ गते प्रदेश राजधानी हेटौंडाको मोटल एभोकाडोमा आयोजना गरिने प्रथम प्रदेश युवा सम्मेलन, २०८० को सम्पूर्ण तयारी पूरा भएको परिषद्ले आइतबार पत्रकार सम्मेलन गर्दै जानकारी गराएको हो ।

युवा सम्मेलनमा प्रदेशका १३ जिल्लाबाट १ सय ५० युवाको सहभागिता रहने प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले जानकारी दिए । सम्मेलनमा समावेशी अवधारणा अनुसार सहभागीले प्रतिनिधित्व गर्ने चौलागाईले बताए । प्रदेशका १३ जिल्लाका जिल्ला युवा समितिमार्फत् सिफारिस भएका ७५ जना र अनलाइनमार्फत् आवेदन दिएका मध्ये ६० र सरोकारवाला संघ संस्था र सरोकारवाला निकायको सिफारिसमा छनोट भएका १५ जनाले सम्मेलनमा सहभागिता जनाउने छन् । 'सम्मेलनमा सहभागी हुने युवामध्ये ७२ जना पुरुष, ४१ जना महिला र ३ जना लैंगिक तथा यौनिक अल्पसंख्यक छनोट भएका छन्' चौलागाईंले भने ।

युवा पुस्तालाई मुलुक र समाजप्रति जिम्मेवार बनाउन, नवप्रवर्तन, उद्यमशीलता र उच्च व्यक्तित्व विकास गर्न प्रेरित गर्ने उद्देश्यले प्रथम पटक योजना गरिएको युवा सम्मेलनमा सम्मेलनमा युवा पुस्तालाई अभिमुखीकरण गर्न, अभिप्रेरित गर्न, सकारात्मक कार्यप्रति आकर्षित गर्न सहयोग पुग्ने परिषद्ले जनाएको छ । सम्मेलनमा युवालाई अभिमुखीकरण र अभिप्रेरित गर्ने गरी ख्यातीप्राप्त व्यक्तित्व, सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वलाई श्रोतव्यक्तिमा सहभागी गराइएको चौलागाईंले जानकारी दिए ।

दुईदिन हुने सम्मेलनमा ५ वटा महत्वपूर्ण सत्रको आयोजना गरिनेछ । सम्मेलनमा नवप्रवर्तन र नवीनतम् सोचको विषयमा कार खाना समूहका प्रमुख कार्यकारी अधिकृत पवित्रबहादुर गौतमले युवासँग अन्तरक्रिया गर्नेछन् । कारखाना समूह विद्यालय तहको गुणस्तरीय शिक्षाका लागि गैरसरकारी तवरबाट क्रियाशील संस्था हो । सूचना प्रविधिका विषयमा गिरिराज त्रिपाठीले सम्मेलनमा सहभागी युवासँग अन्तरक्रिया गर्दैछन् । त्रिपाठी युवा वैज्ञानिक कोषका सदस्य हुन् ।

सामाजिक र सार्वजनिक जीवनमा युवा सहभागिताका विषयमा टेलिभिजन पत्रकार टीकाराम यात्री र विद्या चापागाईंसँगै लेखक तथा विश्लेषक केशव दाहालले अन्तर क्रिया गर्ने भएका छन् । उद्यम एवम् व्यावसायिक सुरुवात र उद्यमशीलताका विषयमा डा. सुयश कार्की र हेलमेट नेपालकी प्रार्थना सा:ख अन्तरक्रिया गर्ने बताइएको छ । डा. कार्की डाक्टर अनकल अनलाइनका सञ्चालक हुन् भने सा:ख युवा उद्यमी हुन् । यस्तै सामाजिक सञ्जालका विषयमा सन्तोष सिग्देल र उज्ज्वल आचार्य, राष्ट्र निर्माणमा युवाको भूमिका विषयमा माधव ढुंगेल, महेश दाहाल र सुरेन्द्र बस्नेतले युवामाझ प्रस्तुति र अन्तरक्रिया गर्नेछन् ।

# कैलाशले ल्यायो ४८ करोड ५९ लाखको बजेट

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको कैलाश गाउँपालिकाले आइतबार ४८ करोड ५९ लाख ७५ हजार ६ सय ८० रुपैया बराबरको बजेट सार्वजनिक गरेको छ । उपाध्यक्ष बालकुमार मल्लले १२ औं गाउँसभामा पालिकाको आर्थिक वर्ष २०८०/०८० को लागि उक्त बजेट सार्वजनिक गरेका हुन् । उपाध्यक्ष मल्लले गाउँसभाको प्रस्तुत गरेको बजेट आइतबार १२ औं गाउँसभाको दोस्रो बैठकले सर्वसम्मत पारित गरेको छ ।

पालिकाको पारित बजेट आर्थिक वर्ष २०७९/०८० को भन्दा करिब २ करोड ५६ लाख रुपैयाँ कम हो । आर्थिक वर्ष २०७९/०८० को लागि पालिकाले ५१ करोड १५ लाख ९८ हजारको बजेट सार्वजनिक गरेको थियो । पालिकालाई संघीय सरकारबाट अनुदानमार्फत् ३८ करोड २५ लाख १६ हजार ५ सय ११ रुपैयाँ र प्रदेशबाट ८ करोड ७२ लाख ५९ हजार १ सय ६९ रुपैयाँ प्राप्त भएको छ । यसैगरी आइतबार पारित बजेटमा आन्तरिक राजश्व, घरजग्गा रजिष्ट्रेसन दस्तुर, दहत्तरबहत्तर करलगायत गरी १ करोड ६२ लाख अनुमानित आय रहेको जनाइएको छ ।




यस्तै पालिकाले सडक तथा झोलुङ्गे पुल निर्माण गर्न ६ करोड ७९ लाख २२ हजार, भवन तथा शहरी विकासतर्फ १ करोड १३ लाख ७० हजार, शिक्षातर्फ ९७ लाख १३ हजार, विद्युततर्फ ३० लाख, स्वास्थ्यतर्फ २३ लाख ५० हजार, लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ २२ लाख, युवा तथा खेलकुद विकासतर्फ २५ लाख ५० हजार, खानेपानी तथा सरसफाइतर्फ ३० लाख बजेट विनियोजन गरेको छ ।

यसैगरी विद्युततर्फ ३० लाख, बिज्ञान, सूचना तथा सञ्चार प्रविधितर्फ १० लाख बजेट छुट्याइएको छ पालिकाले कृषि क्षेत्रमा ३६ लाख ४ हजार, पशुपंक्षी विकासतर्फ ३० लाख ४१ हजार, घरेलु तथा लघु उद्योगमा ६ लाख, पर्यटन विकास तथा प्रवर्द्धनमा ३० लाख, सहकारीतर्फ २ लाख, सिचाइतर्फ १४ लाख ५० हजार बजेट विनियोजन गरेको छ । पालिकाले वातावरण तथा विपद् व्यवस्थापनमा ३५ लाख ५५ हजार र संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ ४१ लाख ५० हजार रुपैयाँ बजेट निर्धारण गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वाइरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३




गोदमघर भाडामा चाहियो ?
मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।
सम्पर्क : ९८०२५३०३०३

साझाकुरा

## हाम्रो कुरा

# खेलाडी उत्पादन

बागमती प्रदेश सरकारले खेलाडी उत्पादन गर्ने कार्यमा थोरै भएपनि चासो देखाएको छ । सम्पन्न र शक्तिशाली मुलुकले खेल क्षेत्रमा धेरै खर्च गरिरहेका छन् तर, हाम्रो जस्तो देशमा राष्ट्रिय कीर्तिमानी खेलाडी खाडी मुलुकमा श्रम गर्न लाइन लागिरहेका छन् । खेलाडीको प्रदर्शन र क्षमताको आधारमा देशले खेलकुदमा गरेको लगानीको मापन हुन्छ । सवल, सक्षम र योग्य खेलाडी उत्पादन गर्ने सरकारको दायित्व हो । यो दायित्वलाई आत्मसात गर्दै बागमती प्रदेश सरकाले सक्षम, योग्य र सवल खेलाडी उत्पादनलाई जोड दिएको छ । शिक्षा, युवा, रोजगार र खेलकुदमा काम गर्दै आएको सामाजिक विकास मन्त्रालयले खेलाडी उत्पादनलाई समेत प्राथमिकता राखेको छ । खेलकुद नीतिको अभाव र निषेधको राजनीतिका कारण खेल क्षेत्रको विकास हुन नसकिरहेको अवस्थामा बागमती प्रदेश सरकारले खेलाडी उत्पादनलाई महत्वका साथ हेरेको छ । सक्षम खेलाडी उत्पादन गरी राष्ट्रियरुपमा प्रतिष्पर्धा गराउने उदेश्यले सामाजिक विकास मन्त्रालयले राष्ट्रियस्तरको खेल प्रतियोगिताहरु सञ्चालन गर्दै आइरहेको छ ।

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशले चालु आर्थिक वर्ष २०७९/८० मा १ सय भन्दा बढी ठुला साना खेलकुद प्रतियोगिता सम्पन्न गरिसकेको छ । जुन प्रतियोगिताले बागमती प्रदेशमा दुई सय भन्दा नयाँ खेलाडी उत्पादन गर्न सफल भएको छ । गण्डकी प्रदेशमा आयोजना भएको नेपाली खेलकुदको कुम्भमेला नवौं बृहत राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भएको बागमती प्रदेशले विभिन्न विधाका प्रतियोगितामा १ सय ४५ पदक जित्न सफल भएको थियो । प्रदेश सरकारले नै आयोजना गरेको राष्ट्रपति रनिङ्शील्ड छनोट प्रतियोगितामा राष्ट्रियसतरको सहभागिता रहेको थियो । बागमती प्रदेश सरकारले आयोजना गरेको दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा प्रदेशका १३ वटै जिल्लाका १ हजार ४ सय २७ पुरुष र १ हजार ७५ महिला खेलाडीले सहभागिता जनाएका थिए । सामाजिक विकास मन्त्रालयकै ९ करोड ४२ लाख लागतमा गरिएको प्रतियोगितामा प्रदेशका खेलाडी स्वीमिङ् र एथलेटिक्स्मा राष्ट्रियस्तरकै रेकर्ड ब्रेक गरेको थियो । प्रदेशकै आयोजनामा अल नेपाल नोभिस बक्सिङ प्रतियोगितामा पनि भएको थियो । प्रतियोगितामा सामाजिक विकास मन्त्रालयको करिव ३५ लाख लागतमा प्रदेशका १३ वटै जिल्लाका २ सय ५० जना खेलाडीले भाग लिएका थिए । प्रदेश खेलकुद परिषद्ले कराते खेलाडीलाई नयाँ टेक्नोलोजी र अहिलेको नियमअनुसार खेल्न तालिम दिएको छ । सामाजिक विकास मन्त्रालयको १० लाख लागतमा करिव २ सय ७० जना कराते खेलाडीले तालिम लिएका छन् । प्रदेश सरकारले खेलाडीलाई मात्र नभई तालिम रेफ्रि तथा प्रशिक्षकलाई समेत दिएको छ । प्रदेश खेलकुद परिषद्ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोता हुँदा सहभागीका लागि खेलाडी छनोट गरी पठाउने गरेका छ ।

खेलकुद परिषद्ले खेल र तालिमसँगै सामाजिक विकास मन्त्रालयको सहयोगमा सिन्धुली, काभ्रे, धादिङमा खेलकुद कार्यालय भवन निर्माण गरेको छ । सामाजिक विकास मन्त्रालयको २१ करोड लागतमा चालु आर्थिक वर्ष २०८९/८० मा विभिन्न खेल प्रतियोगिता सम्पन्न गरेको प्रदेश खेलकुद परिषद्ले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता गर्ने तयारी गरेको छ । प्रदेशमा अझै राम्रो खेलाडी उत्पादन गर्नका निम्ति आगामी वर्षमा जिल्ला जिल्लामा पुगेर खेल प्रतियोगितामा सहभागी भई राम्रो खेलाडी छनोट गर्ने बताइएको छ । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ मा खेलाडी उत्पादन गर्न विभिन्न कार्यक्रम अघि सारेको छ । प्रदेश सरकारले खेल संस्कृतिको विकास गरी युवामा देशप्रेम र सामाजिक अनुशासनको भावना विकास गर्दै लगिनुका साथै व्यावसायिक खेलाडी उत्पादन गर्न खेलकुद पूर्वाधार र खेलमा लगानी अभिवृद्धि गर्दै जाने नीति लिएको दाबी गरेको छ । खेलाडीले रोजगारी खोज्दै गोजीमा राहदानी बोकेर खाडी जानुपर्ने बाध्यताको अन्त्य गर्नका लागि सबै क्षेत्रबाट प्रयास गरौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १२ गते मंगलबार २७ जुन २०२३ । नवमी, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : यात्रामा बाधा | तुला | : कार्यमा ढिलाइ |
| वृष | : काममा सफलता हात पर्ने | वृश्चिक | : मांगलिक कार्य सम्पादन |
| मिथुन | : अपजस पाइने | धनु | : उपचारमा खर्च बढ्ने |
| कर्कट | : बौद्धिक कार्यमा वाधा | मकर | : मानमर्यादाको वृद्धि |
| सिंह | : व्यवसायमा विवाद | कुम्भ | : नवीन कार्ययोजनामा लगानी |
| कन्या | : मानसिक अशान्ति | मीन | : आलोचनामा वृद्धि |

# भ्रमको सामूहिक 'मनोरोग'



गोविन्द अधिकारी

नेपालले विगत तीन दशकमा जनस्वास्थ्यका क्षेत्रमा उत्साहवर्धक प्रगति गरेको छ । पछिल्लो 'जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०२२' का तथ्याङ्कले यसको पुन: पुष्टि गरेको छ । शिक्षाको पहुँचमा भएको विस्तार पनि चानेचुने छैन । शासन, प्रशासनलगायत राज्यका सबै क्षेत्र समावेशी समतामूलक हुँदै गएका छन् । अरू त अरू मूलत: वैदेशिक रोजगारीमा बढेको पहुँचले सम्पन्नता पनि समाजको तल्लो तहसम्म पुगेको छ ।

वि.सं २०४६ सालसम्म नेपालको राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रको यति छिटै कायापलट हुने कल्पना पनि गरिएको थिएन । यसका लागि राजनीतिक नेतृत्वको योगदान थियो भन्ने स्वीकार नगरे पनि लोकतान्त्रिक पद्धतिविना यो सम्भव थिएन ।

त्यसो त, राजनीतिक नेतृत्व र समाजको मानसिकता गतिलो भएको भए बितेका ३० वर्षमा यसभन्दा धेरै उन्नति हुनसक्थ्यो । नेपाली समाजमा अझ समावेशी, न्यायपूर्ण, सम्पन्न र प्रगतिशील हुनसक्थ्यो । हुनुपर्ने जति आर्थिक, भौतिक र सामाजिक परिवर्तन एवं प्रगति नभएको पनि सत्य हो । तर, निराश वा कुण्ठित हुनुपर्ने अवस्था भने होइन । अझै पनि राजनीतिक चलखेलले प्रगतिको बाटो नथुन्ने हो भने छिमेकीहरूका तुलनामा नेपालको प्रगति छिटो र धेरै हुनसक्छ । यसैले सामाजिक असन्तोष वा प्रगतिको हुटहुटीलाई अन्यथा ठान्नु न्यायोचित हुँदैन ।

परन्तु, अहिले जनमानसलाई प्रभावित गर्ने सामाजिक सञ्जाल, कथित 'बुद्धिजीवी'को एउटा जमात, राजनीतिक दलका नेता कार्यकर्तालगायतको ठूलै संख्या भने 'सबै खत्तम' भयो भन्ने छाप पार्न कम्मर कसेर लागेको छ । त्यतिमात्रै पनि होइन त्यो जमातको अगुवाजस्ता देखिनेहरू लोकतन्त्र नहुँदा सबै राम्रो थियो र अहिले बिग्रियो भन्ने भाष्य बनाउन व्यस्त देखिन्छन् । यो 'रोमान्टिक अतीत मोह' जस्तो पनि देखिन्छ । यद्यपि, कुत्सित मनसाय प्रेरित कुण्ठाको अभिव्यक्तिमात्र हो जस्तो लाग्छ । तर, यो त सामूहिक मनरोग पो रहेछ ।

भारतमा पनि एक दशक पहिले यस्तै भाष्य बनाइएको थियो । अझै पनि बिग्रे भत्के दोष जवाहरलाल नेहरूलाई दिइन्छ । नेहरू भारतीय लोकतन्त्र र उदारताका पर्याय हुन् । यसैले सर्वसत्तावादी मनोकांक्षाका मतियारहरूले नेहरूलाई दोष दिन्छन् ।

न्यु योर्क टाइम्सको जुन २० को अनलाइन संस्करणमा प्रकाशित एउटा लेखको शीर्षक छ - तिम्रो मस्तिष्कले तिमीलाई सबै झन् खराब भयो भन्ने ठान्न लगाएको छ । लेखका अनुसार सम्भवत: अतीतको 'स्वर्णयुग' फर्काउने वाचा जस्तो सबैलाई छुनसक्ने कुनै र ाजनीतिक नारा अर्को छैन । सिजर अगस्टसदेखि युरोपेली पुनर्जागरणकालका मेडिसिसहरू, एडल्फ हिटलर, चीनका राष्ट्रपति सी जिनपिङ वा फिलिपिन्सका राष्ट्रपति बोङबोङ मार्कोस, डोनाल्ड ट्रम्पको 'अमेरिकालाई फेरि महान् बनाउने' वा राष्ट्रपति जो बाइडेनको 'अमेरिका फेरि उदायो' जस्ता सबै नाराबाट राजनीतिक नेताहरूले शक्ति हत्याएका हुन् । यी सबै राजनीतिक मिथकमा एउटा गज्जबको समानता छ - स्वर्णयुग (पहिले थियो) अहिले छैन । हामी देवताबाट र ाक्षसमा बदलिन थालेको युगौं भयो होला तर छिमेकीका टाउकामा उम्रेका सिङ भने बल्ल देख्दै छौं । लेखकका अनुसार मानिसको मस्तिष्कमा जन्मजात एक प्रकारको 'कीरा' हुन्छ र त्यसैले उनीहरूलाई कहिल्यै नभएको महान स्वर्णयुगप्रति मोहित बनाउँछ ।

लेखक एडम एम मास्ट्रोएनीले आफू र हार्वर्डका मनोवैज्ञानिक डेनियल गिल्बर्डको 'नेचर' पत्रिकामा प्रकाशित अनुसन्धानलाई उद्धृत गर्दै लेखेका छन् - पहिलेका अनुसन्धाताले नै वर्तमानमा सबै खत्तममात्र भएको देख्ने कारणको सैद्धान्तिक पक्ष उजागर गरेका छिए तर हामीले विश्वव्यापी परीक्षण गरेर यस्तो धारणा कसरी जन्मन्छ भन्ने विषयको 'सत्यापन' र व्याख्या गर्ने प्रयास गरेका छौं । कुल ५ लाख ७४ हजार व्यक्तिबाट २३५ वटा सर्वेक्षण गरेर सङ्कलन गरिएको उत्तरमा उत्तरदाताको धेरै ठूलो संख्याले मानिसहरूमा अहिले दया, इमान, नैतिकता पहिलेभन्दा घटेको विश्वास गर्ने पाइयो । उत्तरदातासँग सन् १९४९ देखि सोध्न थालिएको र ५९ मुलुकमा सर्वेक्षण गरिएको रहेछ । सबैतिरका सबैजसो राजनीतिक, धार्मिक आस्था भएकाहरूमा सुनौलो युग बितिसकेको धारणा सर्वेक्षण पाइयो । सबै नै मानिसका असल गुणहरू घट्दै गएको ठान्दा रहेछन् ।

मानिसहरूको यो संसारबाट असल गुणहरू ह्रास भएको धारणा गलत भएको पुष्टि हुने प्रमाण पनि अनुसन्धानमै फेला परेको छ । नैतिकताको विद्यमान अवस्थाका सम्बन्धमा १ करोड २० लाख उत्तरदातासँग गरिएको १४० वटा सर्वेक्षणमा अघिल्लो वर्षभन्दा खासै फरक उत्तर आएन । अनि नैतिकताको अवस्थामा सन् २००२ र २०२० मा कति फरक अङ्कमा बताउन भन्दा खासै फरक नतिजा आएन । तर, सबैले बर्सेनी नैतिकतामा ह्रास आइरहेको भन्न पनि छाडेनन् ।

अरू कतिपय अनुसन्धानमा नैतिक अवस्थामा सुधार भएको पनि देखिएको छ । समाजशास्त्रीहरूले गरेको अध्ययनमा हालै मानवीय सहयोगको अवस्था विगत ६१ वर्षमा ८ प्रतिशतले बढेको पाइएको छ ।

संसार खत्तम भएको भ्रम सिर्जना गर्न दुइवटा मनोवैज्ञानिक कारण जिम्मेवार हुनसक्ने लेखकको धारणा छ । पहिलो, पूर्वाग्रहपूर्ण दीक्षा । अरूका कुकार्य र दु:खजस्ता नकारात्मक सूचनामा मानिसहरूले धेरै ध्यान दिन्छन् । अर्को मानिसहरूलाई के लाग्छ भने नैतिकताको ह्रास उनीहरू जन्मेपछि मात्रै सुरु भएको हो ।

मानिसहरूलाई के पनि लाग्दो रहेछ भने नैतिक अवसान आफू र आ्नो समूहबाहेक अरूको मात्र भएको छ । आफूलाई मन परेका मानिस त झनै असल भएको ठान्छन् । किनभने मन पर्ने मानिसका सम्बन्धमा राम्रा कुरामात्र सुनिन्छ ।

लेखमा सन् २०१५ को एउटा पिउ रिसर्च सेन्टरको मत सर्वेक्षण उद्धृत गर्दै लेखिएको छ -अमेरिकाका ७६ प्रतिशत मतदाता 'मुलुकको नैतिक ह्रासको सम्बोधन'लाई सरकारले प्राथमिकता दिनुपर्ने ठान्दा रहेछन् । अनि उनीहरू नै त्यस्तो 'नैतिक ह्रास' नभएको पनि भन्छन् । विडम्बना, नैतिक ह्रास भएकोमा विश्वास गर्नेहरू त छन् ।

लेखक भन्छन् - भ्रममा विश्वास गर्दासम्म तानाशाहहरूको 'स्वर्णयुग' फर्काउने वाचाले भ्रमको भासमा गाडिरहन्छ । किनभने हाम्रो कल्पनामा त कहिल्यै नभएको 'स्वर्णयुग' बाँची रहेकै छ ।

पञ्चायत र अझ राणाकाललाई स्वर्णयुग ठान्नेको संख्या हेर्दा अचम्म लाग्थ्यो । नेपाली किन यति बुद्धु भए भनेर चिन्ता लाग्थ्यो । यो लेखले अतीत मोहको मनोरोग त संसार भर रहेको देखाएको छ । यस्तो मनोरोगको उपचार के होला ?

र अन्त्यमा

बंगलादेशले हालै २ अर्ब डलर खर्च गरेर कोइलाबाट चल्ने संसारकै सबैभन्दा नयाँ विद्युत् गृह बनाएछ । सन् २०२२ को डिसेम्बर देखि सञ्चालन गर्न थालिएको यो विद्युत् गृह कोइलाको अभावमा अहिले नै कैयौं साता बन्द हुने गरेको छ । एकातिर कोइला महँगो र दुर्लभ हुँदै गएको छ भने अर्कातिर स्वच्छ ऊर्जाको उत्पादन सस्तो र सजिलो पनि भइरहेको छ । यसैले बंगलादेशको त्यो विद्युत् गृह विकासको गलत र आत्मघाती दृष्टान्त हो ।

नेपालले पोखरा र लुम्बिनीमा बनाएको अन्तर्राष्ट्रिय विमानस्थलको नियति पनि यसभन्दा धेरै फरक देखिन्न । एकाध दशकमा कुनै दिन सम्पन्न भएछ नै भने काठमाडौं जोड्ने 'द्रूत मार्ग'को नियति पनि त्यस्तै हुने हो कि ? यति जान्दाजान्दै पनि निजगढमा विमानस्थल बनाउन मरिहत्ते गर्नेहरूको नियत खोटो हो कि देशको नियति ?

*(साभार: बाह्रखरी)*

# मिटरब्याजीको व्यथा र कानुनको कथा

प्रकाश अधिकारी

**अनियमितताहरु सार्वजनिक हुँदा ठूलो जनचासो र हल्ला हुने हाम्रो समाजमा भौतिक सबुतभन्दा धेरैभन्दा धेरै साक्षीको भनाइ राख्ने र मुद्दा दर्ता गर्दा अत्यन्तै कमजोर बनाएर अदालतलाई 'जिम्मा लगाउने' गरिन्छ । साक्षीहरुको मूल्यांकन निजहरुले दिएको प्रमाणका आधारमा गरिन्छ, संख्याका आधारमा हैन ।**

तराई-मधेशतिर प्रचलित लोकोक्ति अनुसार, पुरोहित, नदी र बनियाँ एक ठाउँमा भेला भएपछि (नयाँ) गाउँको निर्माण हुन्छ । नगद वा जिन्सी ऋण दिनेलाई स्थानविशेषमा साहुकार, महाजन, बनियाँ, सेठ आदि नामले पुकारिन्छ ।

मानिसले सामूहिक जीवनयापन गर्न थालेदेखि नै आफ्ना सबै आवश्यकता आफैंले मात्र पूरा गर्न नसकी परावलम्बी पनि हुँदै जाँदा कर्जामुखी अर्थ व्यवस्था (क्रेडिट इकोनमी) को उत्पत्ति र विकास भएको हो । प्राचीन कानुन मनुस्मृतिमा श्रम विभाजनसहित मानिसलाई चार वर्णमा विभाजन गरी कृषि एवं व्यापारको क्षेत्राधिकारप्राप्त वैश्यलाई मात्र ऋणको ब्याज लिन पाउने व्यवस्था गरिएको थियो । त्यस बेला ब्याजलाई कुसिदम भनिन्थ्यो । ब्याज बढ्दै जाँदा एकपटक लिएको रकमको दुई गुणाभन्दा बढी लिन हुँदैन भन्ने सीमा तोकिएको थियो ।

सबै भूगोल, सभ्यता र धर्ममा ऋण र ब्याजबारे बोलिएको, नियमन गरिएको र रोक लगाइएको देखिँदा यो सार्वकालिक र सार्वभौम रहेको बुझिन्छ । इस्लाम धर्ममा ब्याज लिनु 'हराम' हो । ओल्ड टेस्टामेन्टमा यहुदीहरूबीच ब्याज लिन-दिन बन्देज भए पनि अन्यसँग ब्याज लिन-दिन कुनै अवरोध गरिएको छैन । बाइबलमा गरिबसँग ब्याज लिनुलाई निन्दा गरिएको छ । शुक्र नीतिसहितका नीतिकारहरूले लेनदेन व्यवहार गर्दा लिखत (ऋणपत्र) को अनिवार्यतालाई जोड दिएको देखिन्छ । संस्कृत साहित्यमा ऋण लगाई ब्याज खाएर जीविका चलाउने व्यक्तिलाई कुसिदक भनिएको छ जसले लेनदेन व्यवहारको प्राचीनताको पुष्टि गर्छ । नीतिकार बृहष्पतिले गरिबको अवस्थालाई उपेक्षा गरी ब्याजको बोझ थप गर्नुलाई निन्दनीय मानेका छन् ।

नेपालको ग्रामीण समाजको कर्जा बजार सदियौंदेखि लेनदेन व्यवहार भनिने धितो नलेखिएको तमसुकका आधारमा चलिआएको थियो । साहुकार, महाजनले बढी ब्याजदर लिने गरे पनि बहुसंख्यक सुविधाविहीन विपन्न ग्रामीण समाजको नगदको अड्कोपड्को

फुकाई गर्जो टारिदिने यिनै थिए । कुनै जाकटी नराखी असामीलाई विश्वास गरी (कपाल हेरेर) दिएको धनको तमसुक भएकाले त्यस्तो कागजको नाम नै कपाली रहन गएको हो । यस्तो तमसुकको साउँब्याज उठ्तीपुठ्तीमा जोखिम हुनाले दसौंद ब्याजको सीमाभित्र नरही बढी ब्याज लिन साहुले विभिन्न तरकिब गर्ने गरेको हो र मिटर ब्याज त्यसैमध्येको हो । 'अन्तर्राष्ट्रिय फिनान्सियल सम्बन्ध' मा 'डेट-ट्र्याप' पार्ने गरी कुनै राष्ट्रलाई ऋण प्रवाह गर्नुलाई मिटर ब्याजको समानार्थी अंग्रेजी पदावली 'लोन सार्क' प्रयोग गर्ने गरेको पाइन्छ (इज चाइना वर्ल्ड लोन सार्क ?, न्युयोर्क टाइम्स, २६ अप्रिल २०१९) ।

समाजलाई गतिशील, प्रगतिशील र विकासशील बनाउन धन प्राथमिक सामाजिक आर्थिक कारक तत्त्व हो । अधिकांश सामाजिक-राजनीतिक क्षेत्रमा पुँजीको वर्चस्व भएको आजको परिवेशमा व्यक्तिका लागि धन एक मात्र चुनौती भएको छ । गरिबी र आयविहीनता, तुरुन्त धनको आवश्यकता, उतिखेरै नगदमा परिवर्तन गर्न सकिने जेथाको अभावजस्ता आर्थिक संकट तत्काललाई हल गर्न सरसापट, लेनदेन वा ऋणको खोजी स्वाभाविक निकास हुन्छ । आर्थिक मुस्किल सल्टाउने यो सरल मार्ग जस्तो लागे पनि दीर्घकालीन रूपमा यो विविध जोखिम जोडिएको निराशाजनक तौरतरिका हो । बैंकले पत्याउने जेथा नहुँदा एवं बैंकद्वारा निर्दिष्ट कागजी प्रक्रिया पुऱ्याउन नसक्दा लगायतका आधार-कारणले साहुमहाजनबाट कर्जा लिनुपर्छ र साहुकारले छलकपट गर्दा मिटर ब्याजीको दुश्चक्रमा निरन्तर परिरहनुपर्छ ।

इतिहासमा प्रचलनमा रहेको साउँभन्दा ब्याज बढी असूल गरिने कर्जा प्रणालीको निरन्तरता मिटर ब्याज हो । छोटो अवधिका लागि प्रचलित दरभन्दा अत्यन्त बढी ब्याज पाउने गरी गरिएको लगानीलाई मिटर ब्याज कारोबार भन्ने गरिएको छ । साउँब्याज तिर्ने भाका छोटो भएकाले छोटो भाकामा नतिरे वा तिर्न नसके 'स्पिडोमिटर' मा अंक बढेजस्तै गरी ब्याज रकम बढ्ने हुनाले यस्तो कारोबारलाई मिटर ब्याज भनिएको हो । जनजिब्रोको लवज मिटर ब्याज कारोबारलाई यस सम्बन्धी अध्यादेशले 'अनुचित लेनदेन' नामकरण गरी आठवटा सम्भावित कार्यलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना सजाय हुने कसुरमा परिणत गरेको छ । भारतमा यस प्रकृतिका कसुरहरूमा तीन वर्षसम्म कैद सजाय हुन्छ । तीन वर्षभन्दा बढी कैद सजाय हुने कसुरका अभियुक्तलाई अदालतले सामान्यत: थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्छ । कसुरजन्य कार्यहरूमा लिएको रकमभन्दा बढी रकमको लिखत तयार पार्नु, ऋण असुल गर्न धम्की दिनु वा हिंसा वा शोषण गर्नु र ऋणीको घरजग्गा लिनुखानुसमेत समेटिएका छन् । पीडितले प्रहरीसमक्ष जाहेरी दिए पुग्छ, मुद्दा सरकारवादी भै चल्ने हुनाले पीडितलाई कुनै केहीको भार हुँदैन । मुद्दा चल्दाचल्दै पीडित र पीडक मिल्न पाउँछन् र मिलापत्रमा मुद्दा टुंगिन पनि सक्छ ।

ऋण लिनेदिने व्यवहारमा देखिएका विकृतिहरूलाई अंग्रेजी भाषामा 'युजरी' शब्दद्वारा पनि सम्बोधन गर्ने गरिएको छ । जोसुकैले कर्जा दिँदा साउँभन्दा बढी ब्याज वा कानुनले तोकेको सीमाभन्दा बढी ब्याज लिने गरी गरेको व्यवहार 'युजरी' हो । 'लोन सार्क' पनि सीमाभन्दा बढी ब्याज लिनु नै हो तर ऋण असुल गर्दा कुनै पनि प्रकारको हिंसा वा शोषणको प्रयोग गरिएमा 'लोन सार्क' हुन्छ । गिरोहहरू 'लोन सार्क' हुन् । भारतमा जस्तै अध्यादेशले दुवै विकृतिलाई समेटेको छ । 'अनुचित लेनदेन' आर्थिक-सामाजिक असन्तुलनको उपज हो । यस प्रकृतिका कारोबारमा दुवै पक्षहरू समान हैसियतका हुन्छन् र गरिएको लेनदेनको व्यवहार उनीहरूको स्वतन्त्र इच्छाको परिणाम हो भन्ने अहिलेसम्मको अनुमानलाई अध्यादेशको व्यवस्थाले खण्डित गरी असामीको संरक्षण गरेको छ । राज्यले यो कुरालाई अरुचिकर मानेर कसुरको सूचीमा राखे पनि समाजलाई अरुचिकर छ-छैन, देखिन बाँकी छ ।

ऋण उपभोक्ताको हकहित संरक्षणका लागि अध्यादेश कोसेढुंगो हो तथापि कानुनको कार्यान्वयन नै यसको जीवन हो । कानुन बन्नाले मात्र अपराध नियन्त्रित हुँदैन । कानुन बनेको छँदै छ, सोहीबमोजिम आचरण नगर्नु जनताको भूल हो भनी विश्राम लिनु गलत हुन्छ । फौजदारी कानुनप्रति सबैको सहमति नहुन सक्छ तर बहुसंख्यकको सहमतिमा यो क्रियाशील हुन्छ । जस्तो– गर्भपतन, समलिंगी विवाह वा बहुविवाह, छाउपडी र 'अनुचित लेनदेन' जस्ता कार्यलाई कसुरमा रूपान्तरित गर्ने व्यवस्था सर्वमान्य हैन । समाजलाई स्थिर र एकताबद्ध बनाइराख्न फौजदारी कानुनले मध्यम नैतिकस्तरलाई आधार मानी बहुमतले अस्वीकार गरेका कार्यहरूलाई कसुर घोषित गर्ने गर्छ ।

समाजको व्यवहार बदल्न र प्रशिक्षित गर्न सामाजिक कार्यकर्ताहरू विशेष क्रियाशील हुनुपर्छ । समाजले कानुनको पालना गरेर यसलाई वैधता दिइरहेको हुन्छ । जस्तो- सामाजिक व्यवहार (सुधार) ऐन-२०३३ कानुन भएर पनि समाजले त्यसलाई वैधता दिएको छैन । बाल विवाह, जुवा सम्बन्धी कानुन, खाद्य पदार्थमा मिसावट सम्बन्धी कानुनको कार्यान्वयनमा समाजको सहयोग नहुँदा यो किताबमा मात्र सीमित छ । समाजका मूल्यमान्यतालाई उपेक्षा नगरी केही कुरामा समाजलाई परिवर्तन गर्ने र केहीमा समाजको आवश्यकता पूर्ति गर्ने व्यवस्थाहरू फौजदारी कानुनमा समेटिनुपर्छ ।

'अनुचित लेनदेन' को यो नयाँ कानुन कार्यान्वयन गर्न प्रहरी विशेष रूपमा परिचालित गरिनुपर्छ । कुनै कुरा अपराध ठहरिन र ठहऱ्याउन समाजका बहुसंख्यकले त्यसको नियन्त्रण र दमन भएको देख्न चाहनुपर्छ । प्रहरीलाई अपराधको सूचना गर्ने-नगर्ने भन्ने कुरा प्रहरीप्रतिको जनविश्वासमा पनि भर पर्छ । प्रहरीको कार्यक्षमतामा जनआस्था कम भएमा उजुरी दिने प्रवृत्ति कम हुन्छ । प्रहरी शक्ति जति कार्यदक्ष र सफल हुन्छ, सूचना दिने प्रवृत्ति पनि उति नै बढेर जान्छ । अनियमितताहरू सार्वजनिक हुँदा ठूलो जनचासो र हल्ला हुने हाम्रो समाजमा भौतिक सबुतभन्दा धेरैभन्दा धेरै साक्षीको भनाइ राख्ने र मुद्दा दर्ता गर्दा अत्यन्तै कमजोर बनाएर अदालतलाई 'जिम्मा लगाउने' गरिन्छ । साक्षीहरूको मूल्यांकन निजहरूले दिएको प्रमाणका आधारमा गरिन्छ, संख्याका आधारमा हैन ।

मिटर ब्याजी कारोबारमा साहु र असामी बराबरीको धरातलमा रहेर तमसुक नबन्नु नै 'अनुचित लेनदेन' को थालनी हो । जाकटी राख्न चल-अचल जेथा नभएको गरिब, निरक्षर, सीमान्तकृत वर्ग वा समूहको वा एकल महिला वा वृद्ध-वृद्धा गाउँ-ठाउँको साहुकार वा महाजनसमक्ष विवाह, बिरामीजस्ता अकस्मात् आइपरेका गर्जो टार्ने नगदका लागि याचना गर्न जाँदा साहुको सर्तमा ऋण प्रवाह हुने गर्छ । कतिपय अवस्थामा ऋण साक्षरता र अचल जेथा भएका तर तत्काल नगदको अभावले अप्ठ्यारो आर्थिक संकट बेहोर्नु परेका मानिसहरू पनि मिटर ब्याजीको दुश्चक्रमा पर्ने अवस्था रहन्छ । यो कारोबारमा असामीलाई ऋण लिन साहुले बाध्य पारेको अवस्था हुँदैन तर असामीको दुर्भाग्यको फाइदा साहुले लिन्छ । त्यसैले यो अनैतिक पनि छ । गरिबीमा बाँच्नुको अर्थ निरन्तर हिंसाको खतरामा बाँच्नु पनि हो ।


'द हिन्दु' मा प्रकाशित समाचार अनुसार, भारतको तमिलनाडु राज्यमा सन् २००३ मा 'प्रोहिबिसन अफ चार्जिङ इग्जरबिटन्ट इन्टरिस्ट एक्ट' जारी भएपछिको ११ वर्षको अवधिमा जम्मा १,५३१ 'अनुचित लेनदेन' मुद्दा दायर गरिएकामा २० वटामा अदालतले दोषी ठहर गरेको आँकडा छ । फौजदारी न्याय प्रशासनको मूल उद्देश्य भनेको अपराधीहरूको कार्यलाई समाजमा प्रदर्शनी गरेर समाजका बहुसंख्यक सदस्यलाई कानुन पालना गर्न सतर्क गराउनु हो । 'अनुचित लेनदेन' लाई कसुर घोषित गर्ने कार्य पहिलो कदम हो । पढेलेखेका, राम्रो आर्थिक र सामाजिक पृष्ठभूमि भएका, समाजमा सम्मानित जीवन व्यतीत गरिरहेका व्यक्तिहरूमा पक्राउ परिने र दण्ड भोग्नुपर्ने सम्भावना बढी भएमा अपराध हुने गर्दैन । अदालती कारबाहीमा लिखतको प्रमाणलाई सर्वोत्तम प्रमाण मानेर मुद्दा फैसला हुन्छ । लिखतको प्रमाणलाई खण्डन गर्न सक्ने वस्तुगत प्रमाण अनुसन्धानले संकलन, संरक्षण र परीक्षण गर्न सकेको अवस्थामा मात्र 'अनुचित लेनदेन' ठहर हुन सक्छ । बरू सयजना कसुरदार छुटून् तर एक जना निर्दोषलाई दण्डित गर्नु नपरोस् भन्नेमा अदालत सतर्क हुन्छ ।

*(साभार: ई-कान्तिपुर)*

### ६ महानगरको बजेट :

# काठमाडौंसँगै ललितपुर र पोखराले बढाउन सकेनन् आन्तरिक आय

काठमाडौं/संघीयता कार्यान्वयनपछि स्थानीय तहका जनप्रतिनिधिले आइतबार ७ औं बजेट सार्वजनिक गरे । यी सात वर्षमा बजेटको आकारमा उल्लेखनीय रुपमा वृद्धि भए पनि आर्थिक रुपमा मुलुकको सबैभन्दा बलियो स्थानीय तह काठमाडौं महानगरपालिकासहित कुनै पनि स्थानीय तहले आन्तरिक रुपमा बजेटमा आफ्नै स्रोत बढाउन सकेका छैनन् ।




अहिले पनि ७ सय ५३ स्थानीय सरकारको बजेटको मूख्य स्रोत संघीय सरकारबाट जाने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान र राजस्व बाँडफाँटबाट जाने रकम हो । यसबाहेक स्थानीय सरकारलाई आन्तरिक स्रोतबाट आत्मनिर्भर बन्ने स्पेस भए पनि त्यसलाई उपयोग गर्न भने उनीहरु चुकेका छन् ।

आइतबार बजेट सार्वजनिक गरेका ६ महानगरपालिकामध्ये सबैको बजेटमा आन्तरिक स्रोतको हिस्सा ४० प्रतिशत भन्दा तल छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य जुद्धबहादुर गुरुङ ज्ञान, योजना र र प्रतिवद्धता तीन पक्षको अभावले स्थानीय तहले आन्तरिक स्रोत बढाउन नसकेको बताए । 'एक त कतिपय स्थानीय तहसँग अझै पनि ज्ञानै छैन, जो सँग ज्ञान छ, उसँग योजना छैन, जोसँग ज्ञान र योजना छ उसँग प्रतिवद्धता छैन', उनले भने, 'भोलि आफूलाई मत दिन मतदातालाई किन बिच्काउने ? भन्ने मनस्थितिले कतै कतै काम गरेको देखिन्छ ।' यो अवस्था क्रमश: सुधार हुने अपेक्षा गर्न सकिने उनले बताए ।

यस्तो अवस्था आउनुमा स्थानीय सरकारलाई स्रोतमा दिइएको सिमित अधिकार मूख्य कारण रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगका अर्का सदस्य विपिनराज निरौला बताउँछन् । 'आवश्यकता वर्षेनी बढ्दैछ, सोहीकारण बजेटको आकार बढ्दैछ,' उनले भने, त्यसको तुलनामा स्थानीय सरकारले राजस्व बढाउन सक्ने अधिकार ऐन-कानूनहरुले दिएका छैनन् ।' तर, प्राप्त अधिकारसमेत उपयोग गर्न भने स्थानीय सरकारहरुले अझै धेरै काम गर्न बाँकी रहेको उनले बताए । अधिकार क्षेत्रभित्र पनि दर बढाउने अधिकार स्थानीय तहलाई नहुँदा दायरा विस्तारमा बढी निर्भर रहनुपर्छ । यसमा 'चिनजान,' 'भनसुन'जस्ता विषयले गर्दा चुहावट हुने सम्भावना धेरै हुने उनी बताउँछन् ।

स्थानीय तहलाई आन्तरिक ऋण लिनसक्ने सुविधा लिए पनि यससम्बन्धी ऐन निर्माण नभइसकेका कारण यसको अभ्यास समेत थालिएको छैन । स्थानीय सरकारहरुले आन्तरिक स्रोतको रुपमा सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), मनोरन्जन कर, निकासी करजस्ता कर लिन सक्ने अधिकार रहेको छ ।

पछिल्लो ५ आर्थिक वर्षमा विनियोजित बजेटको तथ्याङ्रुकमा विश्लेषण गर्दा काठमाडौं, ललितपुर तथा पोखरा महानरगपालिको बजेटमा आन्तरिक राजस्वको हिस्साको अनुपात जुन अवस्थामा थियो, त्यो अझै बढ्न नसकेको देखिन्छ । मोफसलका वीरगञ्ज, भरतपुर र विराटनगर महानगरपालिकाले भने तुलनात्मक रुपमा बजेटमा आन्तरिक स्रोतको हिस्सा बढाउँदै लगेको पाइएको छ । स्थानीय सरकारहरुले चालु आर्थिक वर्षमा खर्च नभएको स्रोतलाई आगामी आर्थिक वर्षको बजेटमा जोड्दै जाँदा बजेटको आधार समेत बढ्दै गएको छ । तर, स्थानीय सरकारको बजेट खर्चको प्रवृत्ति संघको जस्तै कमजोर हुँदा विनियोजन दक्षतामाथि स्थानीय तहको समेत प्रश्न उठ्न थालेको छ ।

आइतबार देशभरका स्थानीय तहले आगामी आर्थिक वर्ष (आव) २०८०/८१ को बजेट सार्वजनिक गरेका हुन् । देशभर ६ महानगरपालिका, ११ उपमहानगर पालिका २७६ नगरपालिका र ४६० गाउँपालिका छन् । यी सबै स्थानीय तहले अन्तर सरकारी वित्त हस्तान्तरणमार्फत आगामी आर्थिक वर्ष २०८०/८१ मा पुग्ने २ खर्ब ९५ अर्ब २ करोड २ लाख रुपैयाँ बराबरको बजेटलाई मूख्य आधार मानेर बजेट निर्माण गरेका छन् ।

साथै संघीय सरकारबाट राजस्व बाँडफाँटबाट प्रदेश र स्थानीय तहमा जाने गरी अनुमान गरिएको १ खर्ब ७३ अर्ब ९२ करोड १७ लाख रुपैयाँको आधा ८६ अर्ब ९५ करोड रुपैयाँलाई समेत स्थानीय सरकारहरुले स्रोत मानेका छन् । यसबाहेक प्रदेश सरकारहरुले समेत आफ्नो भूगोलमा पर्ने स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत रकम दिएका हुन्छन् ।

**काठमाडौं महानगरपालिका : करको आधार नै विस्तार भएन**

काठमाडौं महानरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा १५ अर्ब ५० करोड रुपैयाँको बजेट सार्वजनिक गरेको थियो । जसमा आन्तरिक आयको लक्ष्य ६ अर्ब ६ करोड थियो, जुन कुल बजेटको ३९ प्रतिशत थियो । त्यसको अर्को वर्ष आव २०७७/७८ मा १६ अर्ब ४२ करोड रुपैयाँको बजेट ल्याएको महागरले आन्तरिक आयको लक्ष्य ६ अर्ब ६५ लाख तोकेको थियो । त्यसयता निरन्तर घटेको आन्तरिक आय आगामी आवमा ६ अर्ब ३९ करोड रुपैयाँ उठाउने लक्ष्य छ । यो कुल बजेटमा २५.०१ प्रतिशत हिस्सा हो । त्यसो त चालु आवको तुलनामा भने आगामी आवमा आन्तरिक आयको हिस्सा उल्लेख्य बढेको तथ्याङ्रुकमा उल्लेख छ ।

**भरतपुरमा क्रमश : बढ्दैछ आन्तरिक आय**

चितवनको भरतपुर महानगरपालिकाले आगामी आव २०८०/८१ का लागि ६ अर्ब ३१ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ, जसमा आन्तरिक आयको हिस्सा १ अर्ब ७५ करोड रुपैयाँ रहेको छ । यो २७.७३ प्रतिशत हो । भरतपुरमा ५ वर्ष अगाडी आव २०७६/७७ मा ३ अर्ब ३७ करोडको बजेट आएकोमा ८० करोड मात्र आन्तरिक आयको हिस्सा थियो । सो हिस्सा कुल बजेटको तुलनामा २३.७१ प्रतिशत हो । आर्थिक गतिविधि बिस्तार हुँदै जाँदा भरतपुरले आन्तरिक आय बढाउँदै लगेको छ ।

**विराटनगरले गर्‍यो उल्लेख्य सुधार**

आन्तरिक आयमा विराटनगर महानगरपालिकाले ५ वर्ष अगाडीको तुलनामा उल्लेख्य सुधार गरेको देखिन्छ । आगामी आर्थिक वर्ष २०८०/८१ का लागि विराटनगर महानगरपालिकाले ३ अर्ब २८ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ । यसमा आन्तरिक आय ९९ करोड ५० लाख हुने लक्ष्य छ । जुन कुल विनियोजन बजेटको ३०.२८ प्रतिशत हिस्सा हो । आजभन्दा ५ वर्ष अगाडी २०७६/७७ मा ४ अर्ब ४३ करोडको बजेट ल्याउँदा आन्तरिक आयको हिस्सा ५९ करोड ९८ लाख (१३.५३) थियो । चालु आर्थिक वर्ष २०७९/८० को तुलनामा भने विराटनगरको आन्तरिक आयको लक्ष्य केही घटेको छ ।

**वीरगञ्जमा फड्को**

आन्तरिक आयका दृष्टिकोणबाट वीरगञ्ज महानगर पालिकाले भने फड्को मारेको छ । आगामी आर्थिक वर्ष २०८०/८१ मा ३ अर्ब २१ करोड रुपैयाँको बजेट ल्याएको वीरगञ्जले आन्तरिक स्रोतबाट १ अर्ब २० करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ । यो ३७.४७ प्रतिशत हिस्सा हो । आव २०७६/७७ मा ४ अर्ब ४८ करोडको बजेट ल्याएको महानगरले आन्तरिक आयको हिस्सा मात्र ४८ करोड ६६ लाख रुपैयाँ मात्र तोकेको थियो । यो विनियोजित लक्ष्यको १०.८६ प्रतिशत मात्र हो ।

**ललितपुरले बढाउन सकेन आन्तरिक राजस्व**

ललितपुर महानगर पालिकाले भने आन्तरिक राजस्व संकलनमा ठूलो प्रगति गर्न सकेको छैन । आगामी आवमा ६ अर्ब ५० करोडको बजेट ल्याएको ललितपुरले आन्तरिक आयबाट २ अर्ब ३२ करोड अर्थात् ३५.६९ प्रतिशत बेहोर्ने लक्ष्य लिएको छ । आर्थिक वर्ष २०७६/७७ मा ५ अर्ब ३१ करोडको बजेट ल्याउँदा ललितपुरले १ अर्ब ७४ करोड (३२.७६ प्रतिशत) आन्तरिक आयको लक्ष्य राखेको थियो । त्यसयता निरन्तर ३५ प्रतिशत भन्दा तलै आन्तरिक आयको लक्ष्य राखेको देखिन्छ ।

**पोखरामा आन्तरिक राजस्वको हिस्सा घट्दो क्रममा**

अन्य महानगरपालिकामा बजेटमा आन्तरिक स्रोतको हिस्सा बढ्दै जाँदा पोखरामा भने घट्दो क्रममा रहेको देखिएको छ । यसो हुनुमा बजेटको आकार निरन्तर बढ्नु मूख्य कारण रहेको छ । रकमका हिसावले आन्तरिक आय बढ्दै गए पनि कुल बजेटको आधारको तुलनामा आन्तरिक आयको हिस्सा भने घट्दै गएको पाइएको छ ।

पोखराले आगामी आवका लागि ७ अर्ब १५ करोड रकमको बजेट ल्याएको छ । जसमा आन्तरिक आयको हिस्सा २ अर्ब २७ करोड रुपैयाँ (३१ दशमलव ७४ प्रतिशत) रहेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा ७ अर्ब ५४ लाखको बजेट ल्याएकोमा आन्तरिक आयको हिस्सा २ अर्ब ७४ करोड रुपैयाँ (३९.११ प्रतिशत) हिस्सा थियो ।

*(स्रोत: अनलाइनखबर)*

# ३८ वर्षपछि एकसाथ काम गर्दै अमिताभ र कमल




एजेन्सी, मुम्बई/बलिउड सुपरस्टार अमिताभ बच्चन र साउथ फिल्मका सुपरस्टार कमल हासनले ३८ वर्षपछि फिल्ममा एकसाथ काम गर्ने भएका छन् । उनीहरुले नाग अश्विनको निर्देशनमा बन्न लागेको फिल्म 'प्रोजेक्ट के'मा काम गर्न लागेका हुन् । यसै हप्ता कमल फिल्ममा अनुबन्ध भएका हुन् । फिल्ममा उनी भिलेनको भूमिकामा प्रस्तुत हुनेछन् । अमिताभ गत वर्ष नै फिल्ममा अनुबन्धित भएका थिए ।

करिब ५ सय करोडको लागतमा निर्माण हुन लागेको फिल्ममा प्रभास र दीपिका पादुकोणको पनि मुख्य भूमिका रहनेछ । प्रशस्त भीएफएक्स प्रयोग हुने फिल्मको ७० प्रतिशतभन्दा बढी काम पूरा भैसकेको जनाइएको छ । निर्देशक अश्विन स्वयंको लेखन रहेको फिल्ममा अभिनेत्री दिशा पाटनी विशेष भूमिकामा देखिने बताइएको छ । फिल्म सन् २०२४ को १२ जनवरीमा प्रदर्शनमा आउनेछ ।

कमल हासनले ३८ वर्षपछि अमिताभ बच्चनसँग काम गर्न आफू उत्साहित रहेको बताएका छन् । फिल्ममा अनुबन्ध भएपछि उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'मैले अमित बच्चनजीसँग पहिला पनि काम गरिसकेको छु । तर पनि हरेक पटक यस्तो लाग्छ कि मानौं पहिलो पटक हो । अमितजी आफूलाई हरेक पटक एक नयाँ रुप दिने गर्नुहुन्छ । म 'प्रोजेक्ट के'को व्यग्र पखाईमा छु ।'

त्यस्तै, अमिताभ बच्चनले पनि कमल हासनलाई फिल्ममा स्वागत गर्दै फेरि काम गर्न पाउँदा खुसी लागेको बताएका छन् । यी दुई स्टारले सन् १९८५ मा प्रदर्शन भएको फिल्म 'गिरफ्तार'मा काम गरेका थिए । सुपरस्टार रजनीकान्तको पनि मुख्य भूमिका रहेको फिल्ममा कमलले अमिताभको साथीको भूमिका निभाएका थिए । ३८ वर्षपछि फेरि उनीहरुलाई एकसाथ हेर्न दर्शक अधैर्य छन् ।

# 'बगान' गीतमा करिश्माको मनोभाव



काठमाडौं/यही असार २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बगान'को आइतबार नयाँ गीत सार्वजनिक गरिएको छ । 'न वारमा छु, न पारमा छु' बोलको स्याड भर्सनको गीतमा सुरेश वाग्लेको शब्द रचना, हरी लम्सालको संगीत तथा अञ्जु पन्तको स्वर छ । गीतमा अभिनेत्री करिश्मा मानन्धरलाई विशेष प्राथमिकता दिइएको छ । यस गीतले एकल महिलाको मनोभावलाई दर्शाउन खोजेको छ ।

अभिनयमा पारंगत मानिने सरोज खनालले फिल्मको निर्देशन गरेका हुन् । यो उनको पहिलो निर्देशित फिल्म हो । फिल्ममा खनाल स्वयंको पनि अभिनय छ । करिश्मा र सरोजसँगै फिल्ममा प्रमिला कार्की (नव-अभिनेत्री), नीर शाह, बसुन्धरा भुषाल, मिथिला शर्मालगायतको अभिनय छ । फिल्ममा अभिनेता आकाश श्रेष्ठ विशेष भूमिकामा छन् । स्वप्न नीरवले फिल्मको कथा लेखेका हुन् ।

नेपाली वेबसाइट डटकमको प्रस्तुति रहेको 'बगान'को निर्माता सुरेश वाग्ले र कार्यकारी निर्माता विनोद मानन्धर हुन् । गौरीशंकर धुजुको डीओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, सन्देश शाहको सम्पादन, समिर मियाँको भीएफएक्स तथा रेनिश फागोको कलर करेक्शन रहेको फिल्ममा सुजिल कर्माचार्यको ब्याकराउन्ड स्कोर र मुकेश शाहको साउन्ड मिक्सिङ रहेको छ ।

# 'बाडुल्की' मा समारिका र विकासको रोमान्स




काठमाडौं/रचना रिमाल र सागर जोशीको स्वर रहेको गीत 'बाडुल्की' सार्वजनिक भएको छ ।

हिमान्सु रायमाझी 'गोधुली' को शब्द र कृष्ण पाण्डे 'कृष' को संगीत रहेको गतिमा संगीत संयोजन र रुविन मगरको छ ।

गीतको भिडियोमा समारिका ढकाल र विकास सुवेदीको अभिनय छ । उत्तम श्रेष्ठ शिशिरको निर्देशन र राहुल बराइलीको कोरियोग्राफी रहेको भिडियोमा मुकेश हुमागाईको छायांकन र विनोद बमको सम्पादन छ ।

# बेटिङ प्रचारको आरोपमा भ्लगर राजकुमार तामाङ पक्राउ



काठमाडौं/अनलाइन बेटिङ प्लेटफर्मको विज्ञापन तथा प्रचारप्रसार गरेको आरोपमा भ्लगर राजकुमार थापा भन्रुने राजकुमार तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

उनलाई शुक्रबार पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एव् प्रहरी उपरीक्षक (एसपी) रविन्द्र रेग्मीले जानकारी दिए । एसपी रेग्मीका अनुसार पक्राउ परेका उनलाई थप अनुसन्धानको लागि प्रहरी परिसर टेकुमा पठाइएको छ ।

यसअघि जेठ ३२ गते अनलाइन बेटिङ प्लेटफर्मको विज्ञापन तथा प्रचारप्रसार गरेको आरोपमा कलाकार राजु पौडेल (राजु मास्टर) र मरिचमान श्रेष्ठ 'बल्छी धुर्वे'सहित पवन खतिवडा, एलिश राई, ज्वलन घर्तीमगर, गणेश देवकोटा, सरोज घिमिरे र वेगम नेपालीलाई पक्राउ गरेको थियो । सोही दिन प्रहरीले वानएक्स बेटमार्फत एक अर्ब बढीको सट्टेबाजी गराउने पाँच एजेन्टलाई सार्वजनिक गरेको थियो।

पछिल्लो समय सामाजिक सञ्जालमा बेटिङ तथा क्यासिनो गेमिङ एपहरूको प्रचार तीव्र रूपमा हुन थालेपछि प्रहरीले त्यस्तो कार्यमा संलग्न व्यक्तिमाथि कारबाहीको तयारी थालेको हो।

नेपालको मुलुकी अपराध संहिता २०७४ को धारा १२५ मा जुवा खेल्न वा सट्टाबाजी गर्नु नहुने व्यवस्था छ । धारा १२५ को ९२० को उपदफा ९१० को (क)मा पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना र उपदफा (ख)मा दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना र त्यसपछिको कसूरमा पटकैपिच्छे थप तीन महिनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

पक्राउ परेकाले युट्युबबाट वानएक्स एपमार्फत बेटिङको प्रचार गरेको आरोप प्रहरीको छ । युट्युबमा प्रोमो कोड प्रयोग गरी वानएक्स बेटिङमा छुट प्राप्त गर्न सकिने भन्दै विज्ञापन देखिएको छ ।

सरकारले नेपालमा अनलाइन सट्टेबाजी गराउने वनएक्स बेटलगायत वेबसाइटमाथि प्रतिबन्ध लगाउने निर्णय गरे पनि अनलाइनमार्फत सट्टेबाजी गर्ने/गराउने प्रवृत्तिमा नियन्त्रण हुन सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# सरकारसँग रासायनिक मलको मौज्दात कति छ ?

काठमाडौं/कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो वर्षको धान सिजनका लागि रासायनिक मलको अभाव नहुने दाबी गरेको छ । विगतको तुलनामा मातहतको निकायसँग पर्यप्त मात्रामा मलको मौज्दात रहेको र मल आयातको प्रक्रिया पनि नियमित रहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार अहिले सरकारी गोदाममा ७३ हजार मेट्रिकटन मल मौज्दात छ भने एक लाख २९ हजार मेट्रिकटन आयातकै क्रममा छ । मन्त्रालयसँग हालसम्म ७३ हजार ६६ मेट्रिकटन रासायनिक मल मौज्दात छ ।

कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङसँग समेत गरेर कुल ५९ हजार ४५१.३० मेट्रिकटन युरिया, १३ हजार ४९२.४८ मेट्रिकटन डीएपी र १२२.३५ मेट्रिकटन पोटास मौज्दात रहेको मन्त्रालयले जनाएको छ । जसमा ४८ हजार १०९.५३ मेट्रिकटन मल कृषि सामग्री कम्पनीसँग छ भने साल्ट ट्रेडिङसँग २४ हजार ९५६ मेट्रिकटन मल मौज्दात छ ।

चालु आवको यस अवधिसम्म ३ लाख ३ हजार मेट्रिकटन मल आयात भइरहेकोमा २ लाख ६० हजार मेट्रिकटन मल बिक्री भइसकेको मन्त्रालयले जनाएको छ ।

यस्तै, एक लाख २९ हजार ५ सय मेट्रिकटन मल आयातको प्रक्रियामा छ । मन्त्रालयकाअनुसार कृषि सामग्रीले आयात गरेको २० हजार मेट्रिकटन डीएपी मल भारतको विशाखापट्नमबाट नेपाल पठाउने काम अघि बढिसकेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

साझाकुरा


"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# मकवानपुरगढीको बजेट ६२ करोड २ लाख

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले आव २०८०/८१ का लागि ६२ करोड २ लाख ५६ हजारको अनुमानित बजेट ल्याएको छ । आइतबार वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रीन (नेपाली) ले ६२ करोड २ लाख ५६ हजारको अनुमानित आय पेश गरेकी थिइन् । उनले आयतर्फ सरकार वित्तीय समानिकरण अनुदान ९ करोड ७४ लाख, प्रदेश सरकार वित्तीय समानिकरण अनुदान ८६ लाख गरी वित्तीय समानिकरण अनुदानमा १० करोड ६० लाख प्राप्त भएको बताइन् ।



उनले संघीय सरकार राजश्व बाँडफाँड मूल्य अभिवृद्धि कर ६ करोड २२ लाख बाँडफाँड भई प्राप्त हुने अन्तरशुल्क राजश्व ३ करोड ६, खानी तथा खनिजसम्बन्धी रोयल्टी बाँडफाँडबाट १ करोड २५ लाख, घरजग्गा र जिष्ट्रेसन दस्तुरबाट १ करोड २७ लाख बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर १ करोड ७५ लाख, बाँडफाँडबाटै वन रोयल्टी ५ लाख ७२ हजार, जलस्रोत रोयल्टीबाट १ लाख, नदिजन्य पदार्थ (दहत्तर बहत्तर) राजश्व बाँडफाँडबाट हुने आय ४ करोड ५० सहित १८ करोड ५ लाख ७८ हजार अनुमान पेश गरेकी थिइन् ।

संघीय सरकार सशर्त अनुदान विभिन्न शीर्षकमा २३ करोड ९ लाख, प्रदेश सरकारबाट २ करोड २२ लाख ७८ हजार अनुमान गरिएको उपाध्यक्ष पाख्रीनले बताइन् । त्यस्तै, संघीय सरकार समपूरक अनुदान ८० लाख, प्रदेश सरकारको २ करोड ५० लाख गरी ३ करोड ३० लाख हुने अनुमान गरिएको बताईन् । संघबाट विशेष अनुदानमा २ करोड ७५ लाख र प्रदेशबाट १ करोड रकम प्राप्त हुने अनुमान रहेको उनले बताइन् ।

उपाध्यक्ष पाख्रीनले व्ययतर्फ कुल बजेटको पुर्जीगततर्फ ३२ करोड १९ लाख १२ हजार ८६४ र चालु तर्फ २९ करोड ८३ लाख ४३ हजार १३६ गरी व्यव ६२ करोड २ लाख ५६ हजारको हुने अनुमान पेश गरेकी हुन् । उनले आगामी आवका लागि कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा ८ करोड रकम विनियोजन गरेकी छिन् । गाउँपालिकाको विषय क्षेत्रगत व्यय अनुमानमा आर्थिक विकास क्षेत्रमा तीन करोड ४८ लाख विनियोजन गरिएको छ भने पूर्वाधार विकास क्षेत्रमा २४ करोड ९६ लाख ५६ हजार विनियोजन गरिएको छ ।

गाउँपालिकाले संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा ४८ लाख रकम छुट्याइएको छ भने सामाजिक विकास क्षेत्रमा २४ करोड ३५ लाख रकम विनियोजन गरिएको उपाध्यक्ष पाख्रीनले बताइन् । त्यस्तै वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ७५ लाख रकम छुट्याइएको छ । गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको सभाध्यक्षतामा बसेको नवौं गाउँसभामा आर्थिक विकास समितिका संयोजक एंव वडा नम्बर ६ का वडाअध्यक्ष कृष्णप्रसाद बजगाईले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तुत गरेका थिए ।

आर्थिक ऐन, २०८० मा सम्पति कर, भूमि कर, लगायत विभिन्न करका शीर्षक र निर्धारण गरिएको करबारे सभामा प्रस्तुत गरेका थिए । सभामा वडा नम्बर ५ का वडाअध्यक्ष एंव प्रवक्ता दिपेश दाहालले विनियोजन विधेयक २०८० प्रस्तुत गरेका थिए । गाउँपालिकाले कृषि तथा पशुपालनलाई प्राथमिकतामा राख्दै किसान लक्षित कार्यक्रमहरु धेरै नै ल्याएको छ ।

नीति तथा कार्यक्रममा पशुपालक किसानको पशुधन संरक्षणमा सघाउ पुग्ने उद्देश्यले पशुको बीमा निशुल्क गरिने जनाइएको छ । त्यस्तै, उत्पादनमा आधारित पशुपालन क्षेत्रमा पालिका, किसान र सहकारी संस्थाबीचको सहकार्यमा कृषक भविष्य कोष स्थापना गरिने नीति कार्यक्रममा रहेको छ । गाउँपालिकाको समग्र कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य, खेलकुदलाई समेट्दै नीति कार्यक्रम ल्याइएको छ ।

# भीमफेदीको बजेट ६८ करोड ५४ लाख



साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको भीमफेदी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को लागि ६८ करोड ५४ लाख १९ हजार ७ सय ६९ रुपैंयाको बजेट प्रस्तुत गरेको छ । जसमध्ये चालुतर्फ ३३ करोड २० लाख ८ हजार १ सय ६६ रुपैंया रहेको छ भने पुँजीगततर्फ ३५ करोड ३४ लाख ९१ हजार ६ सय ३ रुपैंयाँ रहेको छ ।

आगामी आर्थिक बर्षको बजेटमा बिशेषगरी कृषि र स्वोरोजगार क्षेत्रलाई प्राथमिकतामा राखिएको भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले बताए । उनले यो बर्ष चरम खडेरीको कारण अधिकांश किसानको मकैबालीमा करिब ३० प्रतिशत नोक्सान हुने निश्चित भएको हुँदा यसलाई मध्यजनर गरेर अनिकालबाट जोगाउन यस्तो योजना ल्याइएको बताए । यसको समाधानको लागि रैथानेबाली कोदो र फापर लागाउने किसानको लागि उत्पादनको आधारमा नगद अनुदानको ब्यवस्था गरिएको अध्यक्ष लामाले बाताए ।

यस्तै आगामी बर्षको बजेटमा उद्यमी महिला तथा युवाहरुको लागि ब्याज अनुदानको पनि व्यवस्था गरिएको बताए । यस्तै आगामी बर्षको बजेटमा पालिकामा कार्यरत मजदुरको पालिकामा सूचिकृत गराएर अनिवार्य सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्ने पनि बजेटमार्फत समेटिएको अध्यक्ष लामाले जानकारी गराए ।

आइतबार भएको गाउँपालिकाको दशौं गाउँसभामा पालिकाका उपाध्यक्ष सन्जीव श्रेष्ठले आगामी आर्थिक वर्षका लागि प्रस्तावित वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गरेका थिए । सभामा प्रस्तुत भएको नीति तथा कार्यक्रम र बजेटमाथि छलफल भएर सर्वसम्मत पारित भएको हो ।

# थाहाको बजेट ९८ करोड ८८ लाख

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ आर्थिक बर्ष २०८९/०८१ को लागि थाहा नगरपालिकाले ९८ करोड ८८ लाख ४१ हजार ८ सय ७ रुपैयाँको कुल अनुमानित बजेट पेस गरेको छ ।

१३ औं नगरसभामा नगर उपप्रमुख भरत गोपालीले बजेट पेस गर्दै संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान १२ करोड ४० लाख, समपुरक अनुदान ५० लाख, विशेष अनुदान १ करोड, सशर्त अनुदान ३१ करोड १४ लाख, राजस्व बाडफाड ११ करोड ६२ लाख २ हजार, रोयल्टी २ करोड गरी जम्मा ५८ करोड ८६ लाख २ हजार रहेको बजेट प्रस्तुत गरे ।

प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान १ करोड २६ लाख ८२ हजार, समपुरक अनुदान ४ करोड, बिशेष अनुदान ६० लाख, सशर्त अनुदान ६ करोड २५ लाख ५४ हजार र राजस्व बाँडफाँड ८ करोड ३५ लाख ५३ हजार ८ सय गरी २० करोड ४७ लाख ७९ हजार ८ सय रहेको तथा नगरपालिका आन्तरिक आयतर्फ राजस्व ६ करोड ५४ लाख ५० हजार, मालपोत २ करोड र गत बर्षको नगद मैज्दात ११ करोड गरी १९ करोड ५४ लाख ५० हजार आम्दानी हुने अनुमान गरिएको बजेट प्रस्तुत गरे ।

साथै आगामी बर्ष ८ करोड ५४ लाख ५० हजार राजस्व उठ्ने अनुमान गरिएको छ । बजेटले कृषि, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, सुशासन, उद्यमशीलता र रोजगारी, बिपद व्यवस्थापन र क्षमता विकासलाइ प्राथमिकतामा राखेको छ ।

# 'बजेटमा मकवानपुरलाई किन हेपेको ?'

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलाले बजेटमा मकवानपुरलाई हेपेको किन ? भन्दै प्रश्न गरेका छन् ।

आइतबार प्रतिनिधिसभा बैठकमा बोल्दै नेकपा एमालेका सचेतकसमेत रहेका बर्तौलाले युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बुलाई बजेटमा मकवानपुरलाई किन हेपेको ? भन्दै प्रश्न गरेका हुन् । बजेटमाथिको दफावार छलफलमा मन्त्रीसँगको सवाल जवाफमा बर्तौलाले खेलकुदको पूर्वाधार निर्माण र खेलाडीको क्षमता अभिवृद्धिमा बजेट बिनियोजन नगरेको भन्दै आपत्ति जनाए । '२२ वटा मन्त्रालयको २२ वटा मन्त्रीमध्ये सबै भन्दा फुर्तिलो र ह्याण्डसम मन्त्री युवा तथा खेल कुद मन्त्री हो, उहाँको मन्त्रालयको बजेट सबै भन्दा दुव्लो पातलो रह्यो ।', सचेतक बर्तौलाले भने ।

नीति तथा कार्यक्रममा बकरेल्लती युवालाई प्रोत्साहन गर्ने गरी एक वडा एक खेल मैदान तथा पालिकापिच्छे कभर्ड हल बनाउने भनेर लेखेको तथा बजेट माग गर्दा मकवानपुरलाई उपेक्ष गरिएको उनको गुनासो थियो । आफूले माग गरेको कतिपय आवश्यक ठाउँमा पनि बजेट नछुट्टाएकोमा आपत्ति जनाए ।

# 'द्रुतमार्ग निर्माण तीन वर्षभित्र सक्काउने'

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको अधिकांश भूभाग हुँदै निर्माण हुने काठमाडौं-निजगढ द्रुतमार्गको निर्माण तीन वर्षभित्र सक्काउने सरकारका भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वालाले विश्वास दिलाएका छन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले आगामी तीन वर्षभित्र काठमाडौं-निजगढ द्रुतमार्ग निर्माण कार्य सम्पन्न हुने बताएका हुन् । आइतबार प्रतिनिधिसभा बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा ज्वालाले सो द्रुतमार्गको निर्माणका लागि आगामी आर्थिक वर्षका लागि २२ अर्ब बजेट व्यवस्था गरिएको जानकारी दिए । मन्त्रालयको बजेट चालु आर्थिक वर्षको भन्दा करिब ३७ अर्ब घटेकाले सबै क्षेत्रको मागलाई सम्बोधन गर्न सकिने अवस्था नरहेको उनको भनाइ छ ।

द्रुतमार्ग निर्माण कार्यलाई नेपाली सेनाले तीव्रताका साथ अघि बढाएको उनले बताए । 'सरकारको निर्णयअनुसार काठमाडौं-निजगढ द्रुतमार्गको निर्माण कार्य नेपाली सेनाद्वारा द्रुतगतिमा अघि बढिरहेको छ । अबको निर्धारित समयमा निर्माण कार्य सक्नका लागि आगामी आर्थिक वर्षमा २२ अर्ब बजेट विनियोजन पनि गरिएको छ', ज्वालाले संसदलाई जानकारी गराए । २०८३ सालभित्र निर्माण कार्य सम्पन्न गरी यातायात सञ्चालन गरिने उनको प्रतिबद्धता छ । मन्त्री ज्वालाले भौतिक पूर्वाधार तथा यातायात क्षेत्रको निर्माण कार्यलाई तोकिएकै समयमा सम्पन्न गराउन र गुणस्तरीय बनाउन आफू लागिपर्ने बताए ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

# हेटौंडा सिमेन्ट उद्योगप्रति सरोकारवालाको चिन्ता

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ हेटौंडा सिमेन्ट उद्योग लिमिटेडले उद्योगको बर्तामान अवस्था, चुनौती र समाधानका उपायका बारेमा सरोकारवालासँग अन्तरक्रिया गरेको छ । आइतबारको अन्तर क्रिामा सरोकारवालाले उघोगलाई जसरी भएपनि बन्द हुनबाट रोक्नुपर्नेमा जोड दिएका छन् । उद्योगका अध्यक्ष गणेश भेटवालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ, प्रेमबहादुर पुलामी छिन्तु, लक्ष्मी श्रेष्ठ, मकवानपुरका बिभिन्न राजनीतिक दलमा आबद्ध प्रमुखहरु, जनप्रतिनिधिहरु, उद्योगका पूर्वअध्यक्षहरु, उद्योगमा कार्यरत कर्मचारीहरु, पत्रकार सहभागी थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य श्रेष्ठ र पुलामीले उद्योग निरन्तर संचालनका लागि आफूहरु निरन्तर लाग्ने प्रतिबद्धता ब्यक्त गरे । उद्योगमा देखिएका समस्या समाधानमा सबै दलहरुले चासो र ाखेर अगाडि बढ्न सके हेटौंडा सिमेन्ट उद्योगले नाफाको बाटो तय गर्न सक्ने उनीहरुले बताए । अहिलेको मुख्य समस्या समाधानमा कर्मचारी, ब्यवस्थापन बोर्ड र सरोकारवालाले बढी चासो राखेर अगाडि बढ्नुपर्नेमा उनीहरुले जोड दिए ।

कार्यक्रममा उद्योगलाई चलाएमान गराउन जिल्लाका राजनीतिक दल प्रमुखले खेल्ने भूमिकाबारेमा चर्चा भएको थियो । राजनीतिक तबरबाट समस्या समाधान गर्न सके उद्योगले प्रगति गर्न सक्ने आधारहरु देखिएको सहभागीहरुले बताए । कार्यक्रममा उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले जनताको उद्योगलाई जनताले चासो राखेर समस्या समाधानको लागि पहल हुनुपर्नेमा जोड दिए । उनले उद्योग निरन्तर संचालनको लागि आफ्ना योजनाहरु सार्वजनिक गरे ।

सिमेन्ट उत्पादनका लागि चाहिने कोइलाको अभावले उत्पादन कार्यमा समस्या आइरहेको उनले बताए । उद्योगलाई गतिशील बनाउन आफ्ना दुईवटा मास्टर प्लान मन्त्रालयमा प्रस्तुत गरेपनि मन्त्रालयबाट कुनै जवाफ नआएका कारण अगाडि नबढेको बताए । पाण्डेका अनुसार उद्योगमा ३८ बर्ष पुरानो प्रविधि, उपकरण, मूल्य समायोजन, प्रतिस्पर्धात्मक बजार लगायत समस्या छ । पछिल्लो समय बिजुली खर्चमा मासिक करोड रुपैयाँ घटाएर काम गरेको बताउदै अब तीन महिनाको लागि उद्योगमा कच्चापदार्थ तयारी रहेको बताए ।

उद्योगका अध्यक्ष भेटवालले पछिल्लो समय बजारमा आएको आर्थिकमन्दीले बिक्रीसमेत घट्दा उद्योगले निरन्तर घाटा बेहोरिरहेको बताए । उद्योगले सहुलियत ऋण पाएमा प्लान्टको रि प्लेस्मेन्ट गरी यसले निरन्तर उत्पदान गराउन सकिने भेटवालले बताए । अहिले उद्योगका सबै मेसिनलाई पुनसंरचना आवश्यक रहेको बताउदै उनले यसको लागि ठूलो पूँजी चाहिने भएकाले सरकार सँग सहयोग मागेको बताए । ठूला, मझौला र साना परियोजनाअन्तर्गत् राष्ट्रिय गौरवका आयोजनाको ठूलो संख्या रहेकाले पनि स्वदेशी सिमेन्टको खपत बढ्ने अध्यक्ष भेटवालले बताए ।

उद्योगले पछिल्लो पाँच वर्षदेखि निरन्तर घाटा बेहोरिरहेको छ । उद्योगबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष ०७५/७६ देखि ०७९ /८० सम्ममा उद्योगलाई ९० करोड ३ लाख नोक्सान भएको छ । उद्योगमा हाल दुईसय कर्मचारी कार्यरत छन् । दैनिक ज्यालादारीमा सयजना कर्मचारी कार्यरत छन् । उद्योगका चारवटा खानीहरु भैंसे, ओखरे, मजुवा, जोगीमारा रहेका छन् । उद्योगमा दक्ष कर्मचारीको अभाब भएको बताइएको छ ।

कम्पनी ऐन अन्तर्गत २०३३ आश्विन १३ मा स्थापित भएको सिमेन्ट उद्योगको वार्षिक उत्पादन क्षमता २ लाख २५ हजार मेट्रिकटन रहेको छ । यसले बि.स. २०४२ बाट व्यावसायिक उत्पादन सुरु गरेको थियो । चरम समस्या झेल्दै आएको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले चालु आ.व. ०७९/८० मा मात्रै ११ करोड १५ लाख घाटा बेहोरेको छ । हालसम्म ९० करोड घाटामा चलिरहेको छ । उद्योगमा कच्चापदार्थको अभाब र पुरानो ऋण तिर्न नसक्दा बारम्वार बन्द हुने परिपाटी अहिले पनि जारी छ ।

# चट्याङ लागेर बकैयाका भ्लोनको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ वर्षासँगै परेको चट्याङका कारण जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा एक जनाको मृत्यु भएको छ । आइतबार दिउँसो साढे १ बजे चट्याङ लागेर बकैया गाउँपालिका-९, शिखरपुर घर भएका ३२ वर्षीय नवीन भ्लोनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिए । उनका अनुसार मृतक भ्लोन आइतबार नै बकैयाको १० नम्बर वडास्थित देउबुजेमा रहेको मामाघर गएका थिए । मामाघर बाहिर पिँढीमा बसिरहेको अवस्थामा भ्लोनलाई चट्याङ लागेर मृत्यु भएको प्रहरी निरीक्षक घिमिरेले जानकारी दिए । समाचार तयार पर्दासम्म चट्याङबाट भएका अन्य क्षतिको विवरण भने आउन सकेन । घटनास्थल विकट भएकाले बकैयाको हात्तिसुँढेबाट प्रहरी गएको घिमिरेले बताए ।

राक्सिराङ गाउँपालिकामा चट्याङ लागेर एकजना घाइते भएका छन् । आइतबार दिउँसो गाउँपालिका-८ लाच्योमा मेघ गर्जनसहित परेको चट्याङ लागेर स्थानीय गोपी प्रजा घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । चट्याङ लागेर घाइते भएका उनको उपचारका लागि भरतपुर पठाइएको जनाइएको छ । चट्याङबाट मकवानपुरमा वर्षेनी मानिसको मृत्यु हुने गरेको छ ।

चट्याङले धेरैजसो राक्सिराङ, कैलाश, बकैया र बागमती गाउँपालिकामा बढी क्षति हुने गरेको विगतका घटनाले देखाएका छन् । हरेक वर्ष चट्याङका कारण घटना घटिरहँदा पनि स्थानीय तहले अर्थिङ जडानका कार्यक्रम कमै ल्याउने गरेका छन् ।

# टिपर ठक्करबाट घाइते युवकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ हेटौंडा उपमहानगरपालिका-१, स्थित चौकीटोलमा शनिवार साँझ भएको सवारी दुर्घटनामा परी घाइते भएका एक युवकको मृत्यु भएको छ ।

टिपरले स्कुटरलाई ठक्कर दिँदा हेटौंडा-१ बस्ने २५ वर्षीय सुमित कपाली गम्भिर घाइते भई शनिवार साँझ नै हेटौंडा अस्पताल लगिएको थियो । उनको शनिवार बेलुकै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मृतक कपाली बागमती प्रदेश ०३-००२ प ६४४ नम्बरको स्कुटरमा पछाडि सवार थिए । स्कुटर चालक भने घाइते भई उपचार पश्चान घर फर्किसकेको प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिए । भैंसेबाट हेटौंडातर्फ आउँदै गरेको स्कुटरलाई बागमती प्रदेश ०३-००१ ख २३०३ नम्बरको टिपरले ठक्कर दिएको प्रहरीले जनाएको छ ।

टिपर चालक मनहरी गाउँपालिका-७ घर भई ९ नम्बर वडा बस्ने ३७ वर्षीय नरेन्द्र ढकाललाई नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरी निरीक्षक घिमिरेले बताए । प्रहरीले शनिवार राती नै बागमती प्रदेश ०३-००१ ख ८५१ नम्बरको टिपरलाई पनि नियन्त्रणमा लिएको थियो । तर, घटनास्थलको सीसीटिभी फुटेजलगायतका प्रमाणका आधारमा स्कुटरलाई ठक्कर दिने टिपर बागमती प्रदेश ०३-००१ ख २३०३ रहेको अनुसन्धानबाट पत्ता लागेको थियो । स्कुटर ठक्कर दिने टिपरलाई आइतबार बिहान सामरीबाट नियन्त्रणमा लिइएको घिमिरेले जानकारी दिएका छन् ।

# नि:शुल्क स्वास्थ्य शिविरमा दुई सयबढीलाई सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरगढी गाउँपलिका वडा नम्बर ६ डुम्रेकुनामा आइतबार निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ ।

नेपाल औषधि व्यवसायी संघ हेटौंडाको ५० औं स्थापना दिवसको अवसरमा डुम्रेकुनामा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको हो । संघको आयोजना तथा ६ नम्बर वडा कार्यालयको सहकार्यमा विशेषज्ञसहितको टोलीबाट स्वास्थ्य परीक्षण गरिएको कार्यक्रम संयोजक एंव संघका महासचिव भरत कार्कीले बताए । कार्यक्रम संघका अध्यक्ष नारायणलाल श्रेष्ठको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा वडा ६ का अध्यक्ष कृष्णप्रसाद बजगाई, संघका सल्लाहकार विष्णु थापा, सचिव यादव अर्याललगायतको आतिथ्यता रहेको थियो ।

शिविरमा स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा. ज्योति मुडवरी, हाडजोर्नी तथा नशाका डा. आशुतोष दास, जनरल फिजिसियन डा. रामचन्द्र न्यौपाने, घनश्याम प्रताप साह र प्याथोलोजी सेवामा प्रज्ञान घिमिरेले स्वास्थ्य परीक्षण गरेको कार्यक्रम संयोजक कार्कीले बताए ।

**शिक्षक आवश्यकता**

उपरोक्त सम्बन्धमा यस विद्यालयमा नि.मा.वि अंग्रेजी बिषय राहत कोटा शिक्षक एक रिक्त रहेकोले सो कोटामा शिक्षक पदपूर्ति गर्न शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरको च नं १६०५ मिति २०८० -०३-०६ को अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०-०३-०९ निर्णयानुसार उक्त पदमा शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले निम्न योग्यता भएका इच्छुक उम्मेदवारबाट दरखास्त आह्वानको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

तपसिल
(१) विज्ञापन नं.- १ आ. वर्ष २०७९1०८०
(२) पद संख्या - १
(३) योग्यता - मुल विषय अंग्रेजी लिइ आई.एड. वा +२ उतिर्ण गरेको ।
(४) छनौट प्रक्रिया- लिखित, मौखिक अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक समेत ।
(५) परीक्षा दस्तुर - रु.१,५०० मात्र । विद्यालय नगदी रसिद मार्फत्
(६) निवेदन दिने अन्तिम मिति : २०८० आषाढ २४ गते ४ बजेसम्म ।
(७) सम्पर्क मिति - २०८० आषाढ २५ गते
(८) उमेर १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको ।
(९) परीक्षा मिति - सम्पर्क मितिको दिन प्रकाशित गरिने छ ।

**निवेदनसंग संलग्न कागजातहरू**
(क) हस्तलिखित निवेदन १ प्रति ।
(ख) योग्यताको प्रमाणित प्रतिलिपि २ प्रति ।
(ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी २ प्रति ।
(घ) शिक्षक अध्यापन अनुमति पत्र प्रमाणि प्रतिलिपिरप्रति
(ङ) परीक्षा दस्तुर तिरेको विद्यालयको नगदी रसिद १ प्रति ।
सबै कागजात नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने छ ।
**नोट**-करार सूचीमा रहेका उम्मेदवारले ७ दिन भित्र बिद्यालयमा सम्पर्क राख्नहुन अनुरोध छ ।

**श्री बासुकी आधारभूत विद्यालय**
भीमफेदी गा.पा.-९, मकवानपुर
सम्पर्क मो. ९८५५०७१५६३

**पखालाबाट बचौं र बचाऔं**

पखाला लाग्न नदिन,
- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं ।
- शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोए पछि साबुनपानीले मिचिमिचि हात धुने गरौं ।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना